# सिभिल सप्लाइजविभागको सूचना

भारतबाट नेपालको लागि आउने कोइला झिकाउन ईजाजत पाएका पार्टीहरूमध्ये कुनैकुनैले आएको कोइला समयमा डिलेभरी नलिई पछि डिमारेज लाग्यो भनी डिलेभरी नलिने गरेकोले यो सेप्टेम्बर महीनादेखिको आउने कोइलामा यस्तो नहोस् भन्नाका निमित्त कोइला पाउने पार्टी [ व्यक्ति ] हरूसँग प्रतिटन कंरू ६ छ रुपैयाँका दरले धरौटी लाग्ने भएकोले यो सूचना प्रकाशित गर्ने काम भएको छ। यसबारेमा दरखास्त दिएका जवानहरूले झिकाउन ईजाजत पाएको सूचना पाएका दिन ७ सात भित्र धरौटीबापत लाग्ने रुपैयाँ यस विभागमार्फत नेपाल बैंकमा अथवा बैंकमा राख्ने असुविधा परेमा पैठारी हुने ईलाका गोस्वारामा धरौटी राखे पनि हुन्छ । कोइलाको बिल बिल्टी आई सोबमोजिमको रुपैयाँ बुझाई माल छुटाई लिएपछि आफूले राखेको धरौटी फिर्ता पाउनेछ।

## सूचना

२००६ । ३ । १० गते जारी भएको संख्या ४५ को गजेटमा ब्लाकमार्केट गर्नेलाई १५ दिनदेखि ६ महीनासम्म कैद वा रु. २०० सम्म जरिवाना अथवा दुवै कलम हाकिमका तजबिजले गर्न पाउँछ भन्ने जारी भएकोले सरकारतर्फबाट नियन्त्रण गरी कन्ट्रोल गरी राखेको कपडासमेत इत्यादि पदार्थहरूको काम पाई काम गर्ने र गरिरहेको इम्पोर्टर रिटेलरसमेतहरूलाई सो संख्या ४५ गजेटतर्फ आकर्षित गर्दै यो सूचना प्रकाश गर्ने काम भएको छ । यस विभागबाट इजाजत पाएका वा यस विभागबाट अखत्यार पाएका अरू कुनै अड्डाखानाबाट समेत कन्टोलको पदार्थहरूको काम पाई निर्वाचित मोलभन्दा बढी लिने ब्लाकमार्केट गर्नेलाई सोही संख्या ४५ मा प्रकाश भएको गजेटअनुसार दण्ड जरिवाना हुनेछ ।

डाइरेक्टर—सिभिल सप्लाइजविभाग

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८